प्रदेश सरकार
प्रदेश नं. २
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

रौतहट, गौर

Email: dadorautahat@gmail.com
Website: ackrautahat.p2.gov.np
Phone: 055-520001, 055-521519

## स्यालो टयुवेल जडानका लागि निवेदन आव्हान सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति:२०७८।०७।०५)

यस कृषि ज्ञान केन्द्र रौतहटको आ.व.२०७८।०७९ को स्विकृत वार्षिक कार्यक्रम अनुसार स्यालो टयुवेल जडान गर्ने कार्यक्रम रहेको हुदाँ १५ प्रतिशत लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक/कृषक समुह/ कृषि सहकारी/ कृषि उत्पादनमा संलग्न निजी फर्म/ उद्यमी/ जल उपभोक्ता समुहले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०७८।०७।१९) गते सम्म अन्तिम म्याद भए पनि विदाको भोली पल्ट २१ गते सम्म कार्यालय समय भित्र तोकिएको ढाँचामा तपशिल अनुसारका कागजातहरु संलग्न राखि खामबन्दी प्रस्ताव/ आवेदन दर्ता गर्न हुन आव्हान गरिन्छ । रित नपुगेका तथा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्ताव/ आवेदन बुझाउन र आवश्यक थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

### पेश गर्नुपर्ने विवरण तथा कागजातहरु

१. अनुदान माँग गर्ने आवेदन फारम (रु.१० को हुलाक टिकट टाँस गरेको)
२. आवेदनको (व्यक्तिको हकमा) नागरिकता प्रमाणपत्रको प्रतिलिपी र स्थायी लेखा नं. (पान नं.) प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ । तथा स्थानिय तहको सिफारिस पेश गर्नु पर्नेछ ।
३. आवेदकको (समुह, सहकारी संस्था र फर्म/ कम्पनीको हकमा) दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी तथा स्थायी लेखा नं. लिएको प्रमाणपत्रको प्रतिलिपी, करचुक्ता, औडिट रिपोर्ट
४. माँग गरेको स्यालो टयुवेल निर्माण हुने जग्गाको प्रमाणपत्र (सो नभए भोगाधिकार प्रमाण) को प्रतिलिपी वा लिजमा लिएको जग्गाको हकमा प्रष्ट बुझने गरी लालपुर्जा र जग्गाधनीको कानुन बमोजिमको सक्कल मन्जुरीनामा समेत
५. माँग गरेको स्यालो टयुवेल निर्माण हुने जग्गाको नक्शाको प्रमाणित ब्लु प्रिन्ट/ कम्पयुटर प्रिन्टमा उक्त कित्ता नं.मा चिनो लगाउनु पर्नेछ ।
६. समुह, सहकारी संस्था र साझेदारी कम्पनीको हकमा आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणीको निर्णयको प्रतिलिपी
७. समुह, सहकारी संस्था र फर्म/ कम्पनीको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा अख्तियारी पत्र

**पुनश्च: निवेदन र परियोजना प्रस्ताव ढाँचा यस कार्यालयको वेवसाईट akcrautahat.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ ।**

### अनुदानका शर्तहरु

१. स्यालो टयुवेलबाट सिंचाई पुर्याउने खेतियोग्य जग्गाको हकमा १५० मिटर अर्धव्यास भित्र २ विग्घा, माछापालनको लागि १.५ विग्घा, कृषि /कृषि वन नर्सरीको लागि ५ कठ्ठा जग्गाको लालपुर्जा आवश्यक पर्नेछ ।
२. स्यालो टयुवेलको लागि २ हर्ष पावरको पानी तान्ने विधुतीय मोटर/मिनि पम्पसेट (भपलेटर) ७० फिटसम्म पाईप र अन्य आवश्यक सहायक सामाग्री तथा जडान खर्चमा ८५ प्रतिशत अनुदान दिईने छ ।
३. दुई आर्थिक वर्ष भित्र छनौटमा परेका कृषक, कृषि उद्यमी, कृषि सहकारी, कृषि समुह तथा जल उपभोक्ता/ निजी फर्मलाई ग्राहयता दिईने छैन ।
४. लालपुर्जामा आफैले सच्याएको फेला परेमा उक्त व्यक्ति वा संस्थालाई कालो सुचीमा राखिनेछ ।

नोट : थप जानकारीका लागि यस कार्यालयको फोन नं. ९८५५०२४००१ वा यस कार्यालयको वेवसाईट **akcrautahat.p2.gov.np** मा लगईन गर्नसकिनेछ ।